पहिचान तथा हक अधिकारसंग सम्बन्धित विषय भएकोले कानूनमा कुनै द्विविधा वा अस्पष्टता देखिएको अवस्थामा पनि बालबालिकाको सर्वोत्तम हित, हक र अधिकारलाई केन्द्रमा राखी अर्थ गर्नुपर्ने हुंदा नेपालको संविधानको धारा ३९ को उपधारा (१) तथा मुलुकी देवानी (संहिता) ऐन, २०७४ को दफा ७५ अनुसार आमा र बाबुको उमेर बीस वर्ष नभएको अवस्थामा जन्मिएको बच्चा र विवाह भइनसकेको अवस्थामा जन्मिएको बच्चाको जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा ५ बमोजिम जन्म दर्ता गरी सोही ऐनको दफा ६ बमोजिमको प्रमाणपत्र दिन नमिल्ने भनी अर्थ गर्न नमिल्ने ।

अब, दोस्रो प्रश्नको सन्दर्भमा यस मन्त्रालयको च.नं. ६, मिति २०७५/०४/२९ को पत्रबाट सम्वत् २०७५ साल भाद्र १ गते देखि बाल विवाह तथा बहुविवाहको घटनालाई दर्ता गरी प्रमाणपत्र दिन नमिल्ने राय दिइसकेको अवस्था छ । सम्वत् २०७५ साल भाद्र १ गते भन्दा अगावै भएको बहुविवाह वा बीस वर्ष उमेर पूरा नहुँदै भएको विवाहको घटना साविक बमोजिम दर्ता गरी प्रमाणपत्र दिन मिल्ने वा नमिल्ने सम्बन्धमा हेर्दा, साविक मुलुकी ऐन विहावरी महलको २ नं. मा विहावरी गर्दा महिला र पुरुषको उमेर बीस वर्ष नपुगी विहावरी गर्न गराउन हुँदैन भनी विवाहको उमेर बीस वर्ष राखेको पाइन्छ । सोही नं. को देहाय ९ मा "लोग्ने मानिस वा स्वास्नी मानिस मध्ये कसैको उमेर बीस वर्ष नपुगी विवाह भएको रहेछ र सन्तान पनि जन्मेका रहेनछन् भने बीस वर्ष उमेर नपुगी विवाह भएकोले बीस वर्ष उमेर पुगेपछि मञ्जुरी नगरे त्यस्तो विवाह बदर गर्न पाउँछ" भन्ने व्यवस्था राखी बीस वर्ष भन्दा कम उमेरमा भएको विवाहलाई बदरयोग्य विवाहको कोटीमा राखेको र बीस वर्ष उमेर पूरा भएपछि मञ्जुर भएमा त्यस्तो विवाह सदर हुने व्यवस्था रहेको पाइन्छ ।

त्यसैगरी बहुविवाहको सन्दर्भमा साविक मुलुकी ऐन, विहावरीको महलको १० नं. मा बहुविवाह गर्नेलाई सजायको व्यवस्था गरिएको छ भने स्वतः बदर वा बदरयोग्य के हुने भन्ने विषयमा मौन रहेको पाइन्छ ।

बाल विवाह वा बहुविवाहलाई साविक मुलुकी ऐनले स्वतः बदरको कोटीमा नराखेको कारण नै सम्वत् २०७५ साल भाद्र १ गते अगाडिसम्म त्यस्ता विवाह जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ बमोजिम दर्ता हुँदै आइरहेको पाइन्छ । साविकको मुलुकी ऐनलाई मुलुकी अपराध (संहिता) ऐन, २०७४ समेत कार्यान्वयनमा आउँदा खारेज भएको सन्दर्भमा नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा ४ को खण्ड (ख) मा "यसरी खारेज भएको ऐनको अघि चालू भएको कुरा वा सो बमोजिम रित पुऱ्याई अघि नै गरिएको कुनै काम वा भोगिसकेको सजायलाई असर पार्दैन" भन्ने व्यवस्था भएकोले साविक मुलुकी ऐन